महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

प.सं. २०८३/०८४ सूचना.नं. ३४

६ महिने मनोसामाजिक परामर्श तालिमको लागि आवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना
सूचना प्रकाशन मिति : २०८३/०६/२३ (ने.सं. ११४६, कौलाथ्व २ सोमबार

मनोस्वास्थ्य तथा मनोसामाजिक सहयोगको क्षेत्रमा दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले मिति **२०८३ कार्तिक १० गते** देखि सञ्चालन हुन गइरहेको **६ महिने मनोसामाजिक परामर्श तालिम** मा सहभागी हुन इच्छुक तथा योग्य आवेदकहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

योग्यता

- **शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा +२ (१०+२) **उत्तिर्ण** भएको।
- **इच्छाशक्ति:** मनोस्वास्थ्य र सामुदायिक सेवाको क्षेत्रमा काम गर्ने दृढ इच्छा भएको।
- **व्यक्तिगत प्रतिबद्धता:** ६ महिनाको सम्पूर्ण अवधिभर नियमित उपस्थिति, लगनशीलता र सक्रियतापूर्वक सिक्ने प्रतिबद्धता भएको।

आवश्यक कागजातहरू (स्वयं प्रमाणित प्रतिलिपि)

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- +२ तहसम्मको लब्धांक पत्र (Transcript) तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
- हालै खिचिएको पासपोर्ट साइजको फोटो (२ प्रति)

कार्यक्रम विवरण

- **तालिम सञ्चालन मिति:** २०८३ कार्तिक १० गतेदेखि
- **अवधि:** ६ महिना (सैद्धान्तिक कक्षा र व्यावहारिक अभ्यास/Practicum)
- **सिट संख्या:** २० जना
- **तालिम सञ्चालन हुने स्थान:** महाकाली नगरपालिकाको सभाहल ।

आवेदन पेश गर्ने सम्बन्धी विवरण

- **आवेदन दिने अन्तिम मिति:** सूचना प्रकाशन भएको मितिले ७ दिन कार्यालय समय भित्र ।
- **आवेदन बुझाउने स्थान:** महाकाली नगरपालिकाको कार्यालय, खलंगा, दार्चुला ।

थप जानकारी तथा आवेदन बुझाउनका लागि:
सम्पर्क व्यक्ति/शाखा: शिक्षा अधिकृत श्री हेम राज जोशी- (शिक्षा, युवा तथा खेलकुद शाखा)
सम्पर्क नं.: ९८४८७७५२१४, ईमेल: joshihrrit@gmail.com

नोट: आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन आवेदन बुझाउने अन्तिम मिति हुनेछ ।

(इश्वरी ठगुन्ना)
नि. प्रमुख प्रशासकीय अधिकृत